अध्याय 4

# आपराधिक पक्रिया संहिता


## पृष्ठभूमि

समुदाय विरुद्ध अपराधहरूको व्याख्या गर्ने नियम एवं कानूनहरूलाई आपराधिक कानून भनिन्छ। कुनै आपराधिक प्रक्रियापछि कानूनी प्रक्रियाहरू पूरा गर्नका लागि देशमा संवैधानिक, प्रशासनिक र न्यायिक संरचनाहरू हुन्छन्। यसले अभियुक्तलाई आँफू निर्दोष भएको प्रमाणित गर्ने अवसर प्रदान गर्दछ। भारतमा कानूनी प्रक्रिया आपराधिक प्रक्रिया संहिता, 1973 अन्तर्गत पूरा गरिन्छ। हाम्रो देशका जनता यस्ता स्थितिहरूमा लागू हुने कानूनबारे अन्जान छन् र कहाँ अपील गर्ने त्यो जान्दैनन् र निरन्तर समस्या एवं मानसिक सन्ताप भोग्दछन्।

## क. एफ.आई.आर. (प्रथम सूचना रिपोर्ट) भनेको के हो?

एफ.आई.आर. को अर्थ हो प्रथम सूचना रिपोर्ट, एक शिकायत जो संज्ञेय अपराधका लागि पीड़ितद्वारा वा उसको तर्फबाट कसैले पुलिस सामु दर्ता गरिन्छ। एफ.आर.आई. आपराधिक प्रक्रिया संहिता, 1973–को धारा 154 अन्तर्गत दर्ता गरिन्छ। संहिता अन्तर्गत नागरिकको यो कानूनी कर्तव्य हो कि उसको क्षेत्रमा कुनै अपराध हुन्छ भने त्यसको सूचना नजिकको पुलिस स्टेशनमा दिइयोस्। जनताध्व्यक्तिध्आफै संज्ञान लिएर सूचना पाएपछि पुलिसले संज्ञेय मामिलाहरूमा मात्रै एफ.आई.आर. दर्ता गर्नसक्छ।

एफ.आई.आर. कुनैपनि जाँचको दिशामा सबैभन्दा पहिलो कदम हो अनि एउटा महत्वपूर्ण चरण हो।



### एफ.आई.आर. कसले दर्ता गर्न सक्छ?

- संज्ञेय अपराध[5] (गम्भीर अपराध/गम्भीर अपराधहरू) भएको बारेमा जान्ने कसैले पनि, अपराधका पीड़ितले वा अपराध भएको प्रत्यक्षरूपम देख्नेले।
- अपराध भएको जानकारी पाएमा पुलिस अधिकारीले पनि एफ.आई.आर. दर्ता गर्नसक्छन्।

### एफ.आई.आर. दर्ता गर्ने प्रक्रिया र सम्बन्धित अन्य विवरण

- एफ.आई.आर. पुलिस अधिकारी समक्ष मौखिक रुपमा दर्ता गर्न सकिन्छ र पुलिसले एफ.आई.आर. दर्ता गर्न अस्वीकार गर्न सक्दैन।

[7]संज्ञेय अपराधको अर्थ के हो भने वारन्ट बिना गिरफ्तार गर्ने र अदालतको अनुमतिले वा बिना अनुमति जाँच शुरु गर्ने अधिकार पुलिस अधिकारीलाई हुन्छ। यो जघन्य अपराध हुन्छ।

- एफ.आई.आर.–को सबै विवरण लेखेपछि, त्यसलाई पढेर एफ.आई.आर. लेखाउने व्यक्तिलाई सुनाउने कर्तव्य उक्त पुलिस अधिकारीको हुन्छ र जुन विवरण त्यसमा लेखिएको छ त्यो ठीक बताइए अनुसार नै भएकोमा उनीहरू आश्वस्त हुन सकुन्।
- विवरणहरू सठीक ढंगले दर्ता गरिएको छ भन्ने कुरामा सन्तुष्ट भएपछि एफ.आई.आर. लेखाउने व्यक्तिले त्यसमा हस्ताक्षर गर्नु/औँठाको छाप लगाउनु पर्दछ।
- मौखिकरुपले एफ.आई.आर. दर्ता गराउने व्यक्तिले आफ्नो औँठाको छाप दर्ता गरिएको बयानको पुष्टि गरेपछि मात्रै लगाउनु पर्दछ।
- दूर–सञ्चार माध्यमद्वारा उपलब्ध गराइएका बयानहरूलाई पनि एफ.आई.आर. मानिन्छ।

  एफ.आई.आर. लेखाएर, हस्ताक्षर गरेपेछि अनि दर्ता गरिएपछि पुलिसले उक्त व्यक्तिलाई एफ.आई.आर.–को प्रति दिनु आवश्यक हुन्छ। एफ.आई.आर. गुनासो दर्ता गर्नेलाई निःशुल्क दिइन्छ। आपराधिक मामिला दर्ता भइसकेको हुनाले यसबाट जाँचको प्रक्रियालाई गति दिन पुलिसमाथि दबाव पर्छ।

### पुलिसले एफ.आई.आर. दर्ता गर्न अस्वीकार गरेको स्थितिमारू

- तपाईँले उच्च पदका अधिकारीहरू, जस्तै पुलिस अधीक्षक (एस.पी.), पुलिस उपमहानिरीक्षक (डी.आई.जी.) वा पुलिस महानिरीक्षक (आई.जी.)–सित गुनासो गर्न सक्नुहुन्छ।
- तपाईँले आफ्नो गुनासो लिखितरुपमा रेजिस्टर्ड पोस्टद्वारा पुलिस अधीक्षक (एस.पी.)–लाई पठाउन सक्नुहुन्छ। गुनासो गम्भीर पाइएको खण्डमा स्वयं पुलिस अधीक्षकले कार्रवाई गर्न सक्छन् वा पुलिस विभाग कै कसैलाई गुनासोमाथि तुरुन्तै कार्रवाई गर्ने निर्देश दिन सक्छन्।
- तपाईँले नजिकको न्याययिक अधिकारीलाई आफैले लिखित गुनासो पनि गर्न सक्नुहुन्छ।
- तपाईँले राज्य मानवाधिकार आयोग वा राष्ट्रीय मानवाधिकार आयोगमा लिखित गुनासो पनि गर्न सक्नुहुन्छ।

### अपराध

अन्य कसैको अधिकार हनन गर्ने कुनैपनि गैर–कानूनी कार्य वा अन्य कसैलाई नोक्सानी पुर्‍याउने र समाजलाई प्रभावित गर्दछ भने त्यसलाई सम्बन्धित कानून अन्तर्गत अपराध ठहर गरिन्छ।

अपराधलाई जमानती वा गैर–जमानती अपराधको रुपमा वर्गीकृत गर्न सकिन्छ। जमानत प्राप्त गर्नका लागि अभियुक्तले न्यायालयबाट लिखित अनुमति प्राप्त गर्नुपर्छ।

## ख. जमानत

दण्डनीय अपराधको अभियोग लागेको व्यक्तिलाई केही शर्तहरूको पालना गरिएपछि जेल वा पुलिस हिरासतबाट रिहाई गरिनुलाई जमानत भनिन्छ। तर जमानत प्राप्त गर्नका लागि अभियुक्तले पुलिस वा न्यायालयद्वारा जहिलेपनि बोलाउँदा उपस्थित हुने वाचा गर्नु पर्दछ। जमानतले अभियुक्तलाई अस्थायी रिहाई मात्रै प्रदान गर्दछ।

### जमानत कसलाई दिइन्छ?

गरिएको अपराधको प्रकृति र गम्भीरतालाई ध्यानमा राखेर न्यायलयले अभियुक्तलाई जमानत प्रदान गर्न सक्दछ। अभियुक्तलाई जमानतमा छोड़िएको स्थितिमा उसले कथित पीड़ितलाई नोक्सानी पुर्‍याउँछ कि भन्ने लगायत अरू अपराध गर्नसक्ने सम्भावनहरूलाई पनि न्यायालयले ध्यानमा राख्दछ। जमानत केही अपराधहरूका लागि दिइन्छ जसलाई जमानती अपराध भनिन्छ।

### जमानती अपराध

जमानती अपराध त्यो अपराध हुन्छ जो तुलनात्मक रुपले कम गम्भीर हुन्छ र जसका लागि न्यायालयले केही शर्तहरूमा अभियुक्तलाई अस्थायी रुपमा जमानतमा रिहाई गर्ने विचार गर्दछ। यस्ता अपराधहरूमा घूस दिने, सरकारी कर्मचारीलाई उसको कर्तव्य पालनमा बाधा पुर्‍याउने, झुट्टो प्रमाणहरू दिने आदि सामेल छन्। जमानती अपराधहरूको मामिलामा अभियुक्तलाई जमानत दिँदा लगाइने केही शर्तहरू यसप्रकार छन्:

- कुनै स्थान वा विशेष ठेगानामा बस्नु पर्ने बाध्यता। निर्धारित स्थानदेखि अन्य कतै जानुमाथि रोक।
- दैनिक रुपमा वा निर्धारित समयमा पुलिस समक्ष उपस्थित हुनुपर्ने
- कथित पीड़ित वा प्रत्यक्षदर्शीसित सम्पर्क गर्नुमाथि रोक
- प्रमाणहरूमा हेरफेर गर्नुमाथि रोक

### गैर–जमानती अपराध

गैर–जमानती अपराध गम्भीर अपराध हुन्छ र यसका लागि अभियुक्तले अधिकारको रुपमा जमानतमा रिहाईको माग गर्न सक्दैन।

यस्ता अपराधहरूमा कुनै व्यक्तिलाई झुट्टो गवाही दिनका लागि धम्काउनु, हत्या, दंगा गर्न भड़काउनु आदि सामेल छन्। कुनै व्यक्तिमाथि गैर–जमानती अपराधको आरोप लगाइन्छ भने अभियुक्तलाई जमानत दिने वा नदिने भन्ने विचार गर्ने अधिकार न्यायालयसित हुन्छ ।

### जमानत प्राप्त गर्ने प्रक्रिया

जमानत प्राप्त गर्नका लागि अभियुक्तले न्यायालयमा आवेदन गर्नु पर्दछ। आवेदन अभियुक्तद्वारा आफैले वा उकीलमार्फत बुझाउन सक्छन्।

## ग. पक्राउ

पक्राउको अर्थ कुनै व्यक्तिलाई आपराधिक कार्य गरेकोमा पुलिसद्वारा हिरासतमा राखिनु हो र उसलाई एक विशेष छानोमुनि रहन बाध्य गर्नु हो। आपराधिक तथा सिविल आरोप दुवैमा पक्राउ गर्न सकिन्छ।

**पक्राउ परेको व्यक्तिलाई निम्न अधिकारहरू प्राप्त हुनेछन:**

- पक्राउ गरिनुका आधारहरू जान्ने अधिकार
- जमानतमा रिहाईका लागि जानकारी सम्बन्धी अधिकार
- चिकित्सकद्वारा जाँच गराउन पाउने अधिकार
- मौन बस्ने अधिकार
- अबेर नगरिकन न्यायिक अधिकारी समक्ष प्रस्तुत गरिन पाउने अधिकार
- न्यायिक जाँच बिना 24 घण्टाभन्दा अधिक हिरासतमा राख्न नपाइने अधिकार।
- उकीलसित सम्पर्क गर्नसक्ने अधिकार
- निःशुल्क कानूनी सहायताको अधिकार
- प्रमाण प्रस्तुत गर्ने अभियुक्तको अधिकार

### पक्राउका प्रक्रियाहरू

कुनै व्यक्ति (अभियुक्त भागेको स्थितिमा छ र पुलिस वा अधिकृत व्यक्ति नआइपुगुञ्जेल), पुलिस अधिकारी वा न्यायायिक अधिकारी द्वारा पक्राउ गर्न सकिन्छ। पक्राउ गर्दाको समयमा पुलिस अधिकारीले उक्त व्यक्तिलाई आरोपका विवरणहरूको जानकारी दिनु पर्दछ। साथै, उमाथि लगाइएको आरोपमा जमानत हुनसक्छ वा सक्दैन भन्ने जानकारी समेत दिइनु पर्दछ।

अध्याय

5

# शिक्षाको अधिकार अधिनियम, 2009

## पृष्ठभूमि

शिक्षाको अधिकार (आर.टी.ई.) अधिनियम 4 अगस्त, 2009–मा लागू गरिएको हो। यो अधिनियमले 6 देखि 14 वर्ष आयु बीचका नानीहरूलाई निःशुल्क एवं अनिवार्य प्राथमिक शिक्षा (अर्थात् पहिलो कक्षादेखि आठौँ श्रेणीसम्म शिक्षा) सुनिश्चित गर्दछ। यसमा गरीब एवं विपन्न नानीहरूका लागि विशेष प्रावधान छ।

## उद्देश्यहरू

- 6 देखि 14 वर्ष आयु बीचको हरेक शिशुलाई नजिकको स्कूलमा प्राथमिक शिक्षा पूरा नहुञ्जेल निःशुल्क र अनिवार्य शिक्षाको अधिकार छ।
- प्राथमिक शिक्षा पूरा नहुञ्जेल कुनैपनि नानीलाई फेल गर्न, निष्कासित गर्न वा बोर्ड परीक्षा पास गर्न बाध्य गराउन पाइने छैन।
- स्कूलका शिक्षकहरूले यो अधिनियम लागू भएको तारीखदेखि पाँच वर्ष भित्रमा पर्याप्त व्यवहारिक डिग्री हासिल गर्नु आवश्यक हुनेछ अन्यथा उनीहरूको नोकरी जानेछ।
- सबै स्कूलले यस अधिनियममा दिइएका नियम एवं विनियमनहरूको पालन गर्नु पर्नेछ अन्यथा स्कूललाई काम गर्न दिइने छैन। अधिनियम अन्तर्गत आवश्यक सबै शर्तहरू लागू गर्नका लागि स्कूलहरूलाई तीन वर्षको अधिस्थगन अवधि दिइएको छ।
- यस अधिनियमका प्रावधानहरूलाई लागू गर्नका लागि कोष प्रदान गर्ने समानन्तर दायित्व केन्द्र एवं राज्य सरकारहरूको हुनेछ।



## शिक्षाको अधिकार अधिनियमका मुख्य विशेषताहरू

- यो अधिनियम सरकारी र निजी दुवै स्कूलहरूमाथि लागू हुन्छ।
- निजी स्कूलहरूले उनीहरूका कक्षामा 25 : भर्ना समाजका कमजोर एवं विपन्न समूहबाट अनियमित छनौट प्रक्रिया मार्फत गर्नु पर्नेछ। यस्ता नानीहरूको शिक्षाको खर्च सरकारले दिनेछ।
- निजी स्कूलहरूमा आरक्षण कोटाका कुनै स्थान खाली राख्न पाइनेछैन र यी नानीहरूलाई स्कूलका अन्य नानीहरू जस्तै व्यवहार गरिने छ।
- सबै निजी स्कूलहरूले मान्यताका निम्ति आवेदन गर्नु पर्नेछ, यसो नगरिएको खण्डमा उनीहरूलाई दण्डित गरिनेछ।
- चन्दा वा प्रति विद्यार्थी शुल्कको अनुमति हुनेछैन। नानी वा माता पिताको परीक्षा वा साक्षात्कार हुनेछैन।

- प्राथमिक शिक्षा पूरा नहुञ्जेल कुनै नानीलाई फेल गर्न, निष्कासित गर्न वा बोर्ड पास गर्न बाध्य गर्न पाइने छैन।
- कुनैपनि नानीलाई शारीरिक दण्ड वा मानसिक उत्पीड़न गर्नमाथि कठोर प्रतिबन्ध छ।
- अधिनियमले नानीहरूलाई क्यालेण्डर वर्षमा कुनैपनि समयमा स्कूलमा भर्ना लिने अधिकार छ। यसमा एउटा स्कूलबाट अर्को स्कूलमा स्थानन्तरण र अर्को स्कूलमा भर्ना लिन चाहने नानीलाई स्थानन्तरण प्रमाणपत्र तत्काल जारी गर्नुपर्ने पनि नियम राखिएको छ। अरू कुनै कागजपत्र  आवश्यक पर्ने छैन।
- सबै स्कूल स्कूल प्रबन्धन समितिहरूद्वारा सञ्चालित हुनेछन् जसका सदस्यहरूमा 75ः मातापिता र अभिभावकहरू हुनु पर्नेछ।

**कहाँ जाने?**

- स्कूल प्रबन्धन समिति (एस.एम.सी.)
- स्थानीय प्राधिकारी (जस्तै – ग्राम पञ्चायत, नगरपालिका आदि) अथवा हरेक राज्यमा आर.टी.ई. गुनासो निवारण नियमहरू अनुसार कुनै अन्य प्राधिकारी
- एस.सी.पी.सी.आर. (राज्य बाल अधिकार संरक्षण आयोग)
- एन.सी.पी.सी.आर. (राष्ट्रीय बाल अधिकार संरक्षण आयोग)
- सहायताका लागि सी.एस.सी.–हरूमा पनि सम्पर्क गर्न सकिन्छ।

अध्याय
6

# खाद्य सुरक्षा अधिनियम, 2013

## पृष्ठभूमि

बितेको दशकमा भारतको उच्च आर्थिक विकास दर यहाँका मानिसहरूको स्वास्थ्य अवस्थामा पूर्ण रूपमा देखिएको छैन किनभने 22 प्रतिशत जनसंख्या कुपोषित छ.। भारतमा ठूलो जनसंख्या गरीबी रेखामुनि जीवन बिताईरहेका छन्, दुई छाक पोषक एवं पर्याप्त खाना पाउन सकेका छैनन्य यो आन्तरिक र वैश्विक स्तरमा हाम्रो देशका वर्तमान नीतिहरूको लागि एउटा ठूलो प्रश्न बनेको छ। यस समस्यालाई समाधान गर्नका लागि राष्ट्रीय खाद्य सुरक्षा अधिनियम, 2013 पारित गरियो।

## उद्देश्य

यस अधिनियमको उद्देश्य मानिसहरूलाई सम्मानपूर्ण जीवन बिताउन सक्षम बनाउन सस्तो मूल्यमा पर्याप्त र राम्रो गुणस्तरको खाना प्राप्त होस् भन्ने सुनिश्चित गर्नका लागि मानव जीवन चक्रमा खाना र पोषण सुरक्षा प्रदान गर्नु हो।

## अधिनियमको बारेमा


भारत सरकारको राष्ट्रीय खाद्य सुरक्षा अधिनियम (एन.एफ.एस.ए.) भोक र कुपोषणको समाधान हो। यसले वर्ष 2011–को जनगणना तथ्याङ्क अनुसार भारतको 75ः ग्रामीण जनसंख्या र 50ः शहरी जनसंख्यालाई छूट मूल्यमा खाद्यान्न प्रदान गर्ने लक्ष्य राखेको छ। यस कानूनले खाद्य सुरक्षा प्रदान गर्ने धरैवटा चलनमा रहेका अनि नयाँ अधिकारहरूलाई एउटै कानून अन्तर्गत ल्याउँछ।

## लाभहरू

### क. टी.पी.डी.एस. र तिनको संशोधन अन्तर्गत छुट मूल्य पी.डी.एस. अन्तर्गत योग्य व्यक्तिहरूले हरेक महिना

प्रतिव्यक्तिको हिसाबले 5 केजी खाद्यान्न छूट दरमा पाउने अधिकार छ, जसको विवरण तल दिइएको छरू

- चामल – रु. 3/– प्रति केजीय
- गहुँ दृ – 2/– प्रति केजीय
- खस्रो अन्न – रु. 1/– केजी।



विद्यमान अन्त्योदय अन्न योजना (ए.ए.वाई.) मा गरीबभन्दा गरीब परिवारले प्रतिमहिना 35 किलोग्राम खाद्यान्न निरन्तर प्राप्त गर्नेछन्।

**टिपोटः** माथि उल्लेखित अधिकार अलग राज्यहरूमा भिन्न छन्।

[6] ग्लोबल हङ्गर इन्डेक्स – आई.एफ.पी.आर.आई. अनुसार

## ख. महिला र शिशुहरूलाई पोषण सहायता

14 वर्ष सम्मका नानीहरूलाई निर्धारित पोषण मानक अनुसार पोषक आहार प्राप्त गर्ने अधिकार छ।

## ग. मातृत्व लाभ

गर्भवती महिला र स्तनपान गराउने आमाहरू निर्धारित पोषण नियमहरू अनुसार पोषक आहारको अधिकारका साथै कम्तिमा पनि रु.6,000/– मातृत्व लाभ प्राप्त गर्न योग्य छन्।

## घ. महिला सशक्तिकरण

परिवारकी सबैभन्दा ठूली महिलालाई (कम्तिमा 18 वर्ष हुनु पर्छ) राशिन कार्ड जारी गर्नका लागि परिवारको प्रमुख मानिने छ। परिवारमा कुनै महिला छैन भने सबैभन्दा ठूलो पुरुष यसका लागि योग्य हुनेछ।

## ङ. खाद्य सुरक्षा भत्ता

अधिकार भएको खाद्यान्न वा आहारको आपूर्ति नभएको खण्डमा योग्य लाभार्थीलाई खाद्य सुरक्षा भत्ता दिइने प्रावधान छ।

## जरिमाना

जिल्ला गुनासो निवारण अधिकारीद्वारा सिफारिश गरिएको राहत दिन असफल रहेको खण्डमा राज्य खाद्य आयोगले सरकारी कर्मी वा प्राधिकारीमाथि जरिमाना लगाउने प्रावधान छ।

## कहाँ जाने?

- जिल्ला गुनासो निवारण अधिकारी (जिल्ला न्यायिक अधिकारी/उपायुक्त आदि)
- राज्य खाद्य आयोग
- राष्ट्रीय खाद्य आयोग

अध्याय 7

# अनुसूचित जाति/अनुसूचित जनजाति अत्याचार निवारण अधिनियम 1989

## पृष्ठभूमि

अनुसूचित जातिहरू विरुद्ध अत्याचारको इतिहास हेर्ने हो भने 19औँ शताब्दीको भारतमा यो पाइन्छ। अनुसूचित जाति (एस.सी.) र अनुसूचित जनजाति (एस.टी.)–को सामाजिक–आर्थिक अवस्थामा सुधार गर्न विभिन्न उपायहरू गरिएतापनि उनीहरू विभिन्न अपराध, बेइज्जती र अपमान एवं उत्पीडनको जोखिममा रहिआएका छन्। त्यसैले यसको रोकथामका लागि अनुसूचित जाति एवं जनजाति (अत्याचार रोकथाम) अधिनियम लागू गरियो। यो अधिनियममा यी समुदायहरू विरुद्ध अत्याचार गर्नेहरू र उनीहरूको सामाजिक अथवा आर्थिक बहिष्कार सहित उनीहरूको सम्मानप्रति अपमानजनक कार्यहरूमा संलिप्त व्यक्तिहरू विरुद्ध कडा कार्रवाईको प्रावधान छ। अधिनियमले पीड़ितहरूलाई राहत र तीव्र न्याय सुनिश्चित गर्दछ।



## उद्देश्य

अधिनियमको उद्देश्य अनुसूचित जाति र अनुसूचित जनजातिका समुदायहरूलाई प्रभुत्वशाली जातिहरूबाट हिंसा वा दमनको डर बिना सम्मान एवं आत्म–गौरवका साथ समाजमा जिउनमा सक्षम बनाउनका लागि सकारात्मक कार्यद्वारा न्याय दिलाउनु हो (एन.एच.आर.सी.), अनुसूचित जातिहरू विरुद्ध अत्याचार निवारणमाथि प्रतिवेदन, 2002, पृष्ठ 14–15)।

## यसमा पर्ने अत्याचारहरू

यदि अनुसूचित जाति वा अनुसूचित जनजातिको सदस्य नभएको कुनै व्यक्तिले अनुसूचित जाति/अनुसूचित जनजातिको व्यक्तिलाई निम्न कामका लागि जबरजस्ती गर्छ भनेरू

- कुनै खान नहुने वा अप्रिय वस्तु पिउन वा खानय
- उसको घर–आँगनमा वा छिमेकमा मान्छेको मैला, फोहोर, कंकाल वा अन्य कुनै घिनलाग्ने वस्तु फ्याँकेर चोट पुर्‍याउँछ, अपमान गर्छ वा दिक्क पार्छय
- उसका लुगाफाटा जोरजबरजस्ती फुकाल्छ वा उसलाई नाङ्गै वा मुख वा शरीरमा मोसो दलेर घुमाउँछ वा मानव सम्मानका लागि अपमानजनक कुनै यस्तो काम गर्छय
- उसको कुनै जमीन, वा उसलाई प्रदान गरिएको जमीन, वा कुनै योग्य प्राधिकारीद्वारा उसलाई अधिसूचित गरिएको हस्तान्तरित जमीनमाथि अवैध रुपले कब्जा गर्छ वा फसल लगाउँछय

- अवैध ढंगले उसको जमीनबाट उसलाई बेदखल गर्छ वा कुनै जमीन, घरबार वा पानीमाथिको उसको अधिकार भोगमा हस्तक्षेप गर्छय
- सरकारद्वारा जनसेवाको लागि गर्न लगाइएको कुनै अनिवार्य सेवा बाहेक "भीख" माग्न वा यसप्रकारका अन्य बलजफ्तीपूर्ण काम वा बन्धुवा मजदूरी गर्न बाध्य गर्छ वा लोभ देखाउँछय
- मतदान गर्न वा कुनै खास उम्मेदवारलाई मतदान गर्न वा कानूनद्वारा प्रदान गरिएको बाहेक अन्य तरिकाले मतदान गर्न बाध्य गर्छ वा जबरजस्ती गर्छय
- झुट्टो, दुर्भावनाले भरेर वा छलपूर्ण मुद्दा लगाउँछ वा आपराधिक वा अन्य कानूनी मुद्दा गर्छय
- कुनै सरकारी कर्मचारीलाई कुनै झुट्टो वा व्यर्थको जानकारी दिएर यस्ता सरकारी कर्मचारीलाई उसको कानूनी अधिकारको प्रयोग गरी चोट पुर्‍याउन लगाउँछ वा दिक्क लगाउँछय
- कुनै सार्वजनिक स्थलमा अपमानित गर्ने उद्देश्यले जानि बुझिकन अपमान गर्छ वा धम्काउँछय
- कुनै महिलासित उसलाई अपमानित गर्न वा उसको ईज्जतमाथि नोक्सानी पुर्‍याउन आक्रमण गर्छ वा बल प्रयोग गर्छ य
- कुनै महिलाको इच्छालाई दबाउने स्थितिमा हुँदा उसको यौन शोषण गर्न त्यो स्थितिको प्रयोग गर्नु जसका लागि अन्यथा उक्त महिला राजी हुने थिइनन्य
- सामान्यरूपमा जुन उद्देश्यका निम्ति प्रयोग गरिइने कुनै झरना, पोखरी वा पानीको कुनै अन्य स्रोतलाई दूषित वा मैला गरेर प्रयोग गर्न अयोग्य बनाइनुय
- सार्वजनिक विश्रामस्थलमा जाने कुनैपनि प्रथागत अधिकार नमान्नु वा उसलाई जनसाधारणका अन्य सदस्यहरू वा कुनैपनि वर्गद्वारा प्रयोग गर्ने वा पहुँच प्राप्त गर्ने अधिकार रहेको ठाउँको प्रयोग गर्न वा त्यहाँ पुग्नबाट रोक्नुय
- उसको घर, गाउँ वा निवासको अन्य ठाउँ छाडनका लागि जोरजबरजस्ती गर्नु वा बाध्य गर्नु।

### हालमा समावेश गरिएका अन्य अत्याचारहरू[7]:



- अनुसूचित जाति र अनुसूचित जनजातिहरूको सम्मानलाई अपमानित गर्न केश, जुँगा काटिदिनु, वा यस्तै कार्यहरू गर्नु, जसलाई, हाल अत्याचारको अपराध मानिनेछ।
- सिँचाई सुविधाहरू वा वन अधिकारहरू नदिनु, जुत्ता चप्पलको माला लगाइदिनु, मानव वा जनावरका शवहरूलाई थन्को लगाउन वा बोक्न वा चिहान खन्न बाध्य गरिनु वा हातले फोहोर गराउनु वा यसको अनुमति दिनु, अनुसूचित जाति वा अनुसूचित जनजातिकी महिलाहरूलाई दासी बनाउनु र जातिको नाम काढेर गाली गर्नुजस्ता अपराधहरूमा सामेल छन् ।
- जबरजस्ती सामाजिक वा आर्थिक बहिष्कार गर्नु, अनुसूचित जाति वा अनुसूचित जनजातिकी महिलालाई नङ्गाएर अपमानित गर्नु, अनुसूचित जाति/अनुसूचित जनजातिको सदस्यलाई घर, गाउँ वा घरबार त्याग्न बाध्य गर्नु, अनुसूचित जाति र अनुसूचित जनजातिका सदस्यहरूविरूद्ध यौन प्रकृतिका कृत्य गर्नु वा ईशारा गर्नु, आदि।
- मतदानसित सम्बन्धित केही गतिविधिहरूलाई बाधित गर्नु खास गरेर विशेष उम्मेदवारलाई मत दिन वा नदिन बाधा उत्पन्न गर्नुलाई पनि एक अपराध मानिएको छ।
- चोट पुर्‍याउनु, गम्भीर चोट पुर्‍याउनु, धम्काउनु, अपहरण गर्नु आदि अनि अनुसूचित जाति/अनुसूचित

[7] http://www.newindianexpress.com/nation/Stringent-Punishment-for-Atrocities-on-SC-ST-Under-New-Act/2016/01/25/article3244317.ece

जनजातिका सदस्यहरू विरुद्ध गरिने दस वर्षभन्दा कमको कारावास जस्ता आई.पी.सी. अन्तर्गतका अपराधहरूलाई पी.ओ.ए. अधिनियम अन्तर्गत दण्डनीय अपराध मानिने छ।

## सरकारी कर्मचारीहरूको भूमिका

- एफ.आई.आर.वा गुनासो दर्ता गर्नु सरकारी कर्मचारीको कर्तव्य हो।
- सरकारी कर्मचारीले अनुसूचित जाति/अनुसूचित जनजातिको व्यक्तिद्वारा गरिएको मौखिक गुनासोलाई लेखेर पीड़ितको हस्ताक्षर गराउनुअघि पढेर सुनाउनु र उक्त गुनासोको प्रति पीड़ितलाई दिनु जरूरी छ।
- यदि सरकारी कर्मचारीले गुनासो दर्ता गर्न अस्वीकार गर्दछ भने उसलाई कम्तिमा पनि 6 महिनाको कारावासको सजाय दिइनेछ जुन एक वर्षसम्मको हुन सक्नेछ।

## न्यायालयहरूको स्थापना

- अधिनियममा मुद्दाहरूको तीव्र एवं चाँडो निर्णय गर्न सकियोस् भनेर पी.ओ.ए. अधिनियम अन्तर्गत अपराधहरूको विशेष सुनुवाईका लागि छुट्टै विशेष अदालतहरू र छुट्टै विशेष सरकारी अभियोजकहरूको व्यवस्था तोकिएको छ।
- विशेष अदालतहरू र छुट्टै विशेष अदालतहरूलाई अपराधको सोझो संज्ञान लिनका लागि र आरोपपत्र दाखिल गरिएको तारीखदेखी जतिसक्दो चाँडो दुई महिना भित्रमा सुनुवाई पूरा गर्न दिने अधिकार दिइएको छ।

## जाँच

- अनुसूचित जाति/अनुसूचित जनजाति अधिनियम अन्तर्गत पर्ने अपराधको जाँच पुलिस उपाधीक्षक (डि.एस.पी.) भन्दा मुनिका अधिकारीद्वारा गर्न सकिने छैन।

## पीड़ित र साक्षीहरूरू

- अधिनियममा पीड़ित र साक्षीहरूका अधिकार सामेल छन्।
- पीड़ित र तिनका आश्रित एवं साक्षीहरूको संरक्षणको व्यवस्था राज्यद्वारा गरिनु पर्नेछ।

## क्षतिपूर्ति

- विभिन्न वर्गका अपराधहरूका लागि राज्यद्वारा अनुसूचित जाति/अनुसूजित जनजातिका पीड़ितहरूलाई भुक्तान गरिइने क्षतिपूर्ति रु.1 लाख देखि लिएर रु.8.25 लाख सम्म छ।

## यस्ता अपराधहरू गरेबापत् दिइने सजाय

यस अधिनियम अन्तर्गत सजायहरू अपराधको प्रकृति र प्रकार अनुसार भिन्दा–भिन्दै हुन्छ। तर यो अधिनियम/संशोधन अन्तर्गत सजाय जरिमाना सितै 6 महिनाको कैददेखि आजीवन कारावास सम्म छ।

## कहाँ जाने?

- आफू नजिकको स्थानीय पुलिस स्टेशनमा एफ.आई.आर. दर्ता गर्नुहोस्।
- क्षतिपूर्ति सम्बन्धी सोधपूछका लागिरू तपाईंको उप–खण्डीय न्यायिक अधिकारी, जिल्ला न्यायायिक अधिकारी, राज्य सरकारको अनुसूचित जाति र अनुसूचित जनजातिहरू विकासका निदेशक र सामाजिक न्याय एवं सशक्तिकरण मन्त्रालयलाई सम्पर्क गर्नुहोस्।
- सहायताका लागि सी.एस.सी.–हरूसित सम्पर्क गर्न सकिनेछ।

अध्याय
8

# अनुसूचित जाति र अन्य पारम्परिक वनवासीहरू (वन अधिकारलाई मान्यता) अधिनियम/संशोधन

## पृष्ठभूमि

भारतमा लगभग 25 करोड मानिसहरू वनमा र वन्य क्षेत्र वरिपरि बसोबास गर्दछन् जसमध्ये स्वदेशी आदिवासी वा जनजातीय जनसंख्या 10 करोड छ । लामो समयदेखि यी स्वदेशी जनताले लोकतन्त्र, आजीविका र सम्मानको लडाई लडिरहेका छन्। त्यसैले, उनीहरूले भोगेको ऐतिहासिक अन्यायलाई समाप्त गर्न सरकारले "अनुसूचित जनजाति एवं अन्य पारम्परिक वनवासी (वन अधिकार मान्यता) अधिनियम, 2006" ल्याएको छ।

यो अधिनियम भारतका विभिन्न स्थानहरूमा बसोबास गर्ने करोडौं आदिवासी एवं वनवासीहरूका लागि महत्त्वपूर्ण छ। यस अधिनियममा भारतभरि वन क्षेत्रमा खेती भूमिमाथि व्यक्तिगत र साझा सम्पदा स्रोतहरूमाथि सामुदायिक दुवै अधिकारहरू लगायत खोसिएका अधिकारहरूको बहालीका प्रावधान रहेका छन् । यस अधिनियमको उद्देश्य वन्य क्षेत्रमा बसोबास गर्ने समुदायका अधिकारहरूलाई मान्यता दिनु र वन एवं वन्य जीवनको संरक्षण र प्रबन्धनमा उनीहरूको सहभागितालाई प्रोत्साहित गर्नु हो। यो अधिनियम स्वागत योग्य वैधानिक व्यवस्था हो जसले पुस्तौंदेखि यस्ता वनहरूमा बसोबास गर्दै आएका वनमाथि निर्भर अनुसूचित जनजाति र गैर–अनुसूचित आदिवासी समुदायका ती प्रथागत अधिकारहरूलाई मान्यता प्रदान गर्दछ जसलाई लिखित स्वरूप दिन सकिएको थिएन।

**अधिनियममा वनवासी अनूसूचित जनजाति र अन्य पारम्परिक वनवासीहरूका लागि निम्न अधिकारहरू सामेल छन्:**

- वनवासी अनुसूचित जनजाति वा अन्य पारम्परिक वनवासीहरूका सदस्य वा सदस्यहरूद्वारा आजीविकाको लागि बसोबास गर्न वा आफै खेती गर्न व्यक्तिगत वा साझा कब्जा अन्तर्गत वन भूमि राख्ने वा त्यहाँ बसोबास गर्ने अधिकार।
- सामुदायिक अधिकारहरू जस्तै निस्तार, जुनै नामले जानिएता पनि, जसमा पूर्वका राजा रजवाड़ाहरू, जमीनदारी वा यस्ता मध्यवर्ती शासन सत्ताहरूमा प्रयोग हुने समेतका सामुदायिक अधिकारहरू।
- स्वामित्वको अधिकार, सानातिना वन्य उत्पादहरू (सबै वन जङ्गल बाहेकका वनस्पती वन्य उत्पादहरू सहित) संग्रह, प्रयोग र बेच बिखन गर्ने अधिकार जो पारम्परिक रुपमा गाउँका सीमानाहरूभित्र वा बाहिर संग्रह गर्ने गरिएको छ।
- अधिकारको प्रयोग सम्बन्धी अन्य



[8] http://www.thehindu.com/opinion/op-ed/lets-not-miss-the-wood/article7358626.ece
[9] http://fra.org.in/

सामुदायिक अधिकारहरू जस्तै जल क्षेत्रमा माछा वा अन्य उत्पादहरूको प्रयोग, पशुहरू चराउने (बसोबास भएको वा बसोबासो नभएको स्थान दुवैमा) र घुमन्ते अथवा पशु चराउने समुदायका पारम्परिक मौसमी स्रोतसम्म पहुँच।

- कुनैपनि राज्यमा, जहाँ दावीहरूमा विवाद छन्, कुनैपनि शब्दावली अन्तर्गत विवादित भूमि वा भूमीमाथिका अधिकारहरू।
- कुनैपनि स्थानीय परिषद वा कुनै राज्य सरकारद्वारा वन भूमिमाथि जारी पट्टा वा ठेका वा अनुदानहरूलाई अधिकारमा परिणत गर्ने अधिकारहरू।
- दर्ता भएका वा दर्ता नभएका अधिसूचित वा राजस्व गाउँहरूमा पर्ने– नपर्ने सबै वन क्षेत्र नजिकका, पुराना बस्ती, सर्वेक्षण नगरिएका गाउँ र वनमा रहेका अन्य गाउँहरूमा बसोबास गर्ने र परिणत गर्ने अधिकारहरू।
- उनीहरूद्वारा आफ्नो प्रयोगका लागि पारम्परिक रुपमा रक्षा र संरक्षण गर्दै आएका कुनैपनि सामुदायिक वन्य स्रोतको रक्षा गर्ने, पुनःसृजना वा संरक्षण वा प्रबन्धन गर्ने अधिकार
- कुनैपनि राज्य कानून वा कुनै स्वायत्त जिल्ला परिषद वा स्वायत्त क्षेत्रीय परिषद अन्तर्गत मान्यताप्राप्त अधिकारहरू वा कुनैपनि राज्यका सम्बन्धित जनजातिहरूका कुनै पारम्परिक वा प्रथागत कानून अन्तर्गत जनजातिहरूका अधिकारको रुपमा स्वीकार्य अधिकारहरू।
- जैवविविधतामा प्रयोगको अधिकार तथा बौद्धिक सम्पदा र जैवविविधता एवं सांस्कृतिक विविधतासित सम्बन्धित पारम्परिक ज्ञानमाथि सामुदायिक अधिकार।
- माथि उल्लेखित नगरिएका, स्थितिअनुसार, वनवासी अनुसूचित जनजातिहरू वा अन्य पारम्परिक वनवासीहरूलाई प्रथागत रूपमा प्राप्त कुनै अन्य पारम्परिक अधिकार, तर यसमा कुनै पनि प्रजातिको वन्य जनावरको शिकार गर्ने वा जालमा फँसाएर शरीरको कुनै भाग निकाल्ने पारम्परिक अधिकार सामेल छैन।

### योग्यताका शर्तहरू

अधिनियम अन्तर्गत अधिकारहरू प्राप्त गर्ने योग्यता उनीहरूमा मात्रै सीमित छ जो "मूलतः वनहरूमा बसोबास गर्दछन्" र जो आजीविका निम्ति वन र वन्य भूमिमाथि निर्भर छन्। अझ, दावीकर्ता कि त त्यो क्षेत्रमा अनुसूचित जनजातिको सदस्य हुनु जरूरी छ वा वनमा कम्तिमा 75 वर्षदेखि बसोबास गर्दै आएको हुनुपर्दछ।

### ग्राम सभाहरूका लागि विशेष प्रावधान

- ग्राम सभाहरूलाई साना तिना वन्य उत्पादहरू (एम.एफ.पी.–हरू)–का लागि पारवहन अनुमति नियमनको अधिकार छ जहाँ यी अधिकारहरूलाई वन अधिकार अधिनियम (एफ.आर.ए.) अन्तर्गत मान्यता प्राप्त छ।
- सानातिना वन्य उत्पादहरू संग्रह गर्ने, प्रयोग गर्ने र तह लगाउने चल्ती व्यवस्थाले गर्दा सानातिना वन्य उत्पादको अत्याधिक प्रयोग भइरहेको ठान्दछ भने ग्राम सभाले संरक्षण एवं प्रबन्धन योजनामा संशोधन गरेर प्रतिबन्धहरू लगाउन सक्छ।
- अधिनियम अन्तर्गत ग्राम सभा साथै अधिकार धारकलाई अन्य कुराहरूका साथै वन, वन्य जीवन, जैवविविधता आदिलाई नराम्ररी प्रभावित गर्ने कुनैपनि गतिविधिमाथि रोक लगाउने अधिकार प्राप्त छ।

### अधिकारहरूको दावी कहाँ गर्ने?

अधिनियमध्संशोधनले ग्राम सभालाई सामुदायिक वन अधिकारहरूको प्रकृति र सीमाको निर्धारण गर्ने प्रक्रिया शुरु गर्ने अधिकार छ। सामुदायिक वन अधिकारहरूका लागि ग्राम सभाको तर्फबाट दावीहरू तयार गर्ने जिम्मा वन अधिकार समितिको छ।

### कहाँ जाने?

- ग्रामसभा
- उप–खण्ड स्तर समिति
- जिल्ला स्तरीय समिति

(माथि उल्लेखित कुनैपनि प्राधिकारीद्वारा समस्याको समाधान गरिँदैन भने व्यक्ति कानूनी अदालतमा जान सक्छ। अनुसूचित जातिध्अनुसूचित जनजातिहरूलाई निःशुल्क कानूनी सहायताको अधिकार छ, त्यसैले उनीहरूले निःशुल्क कानूनी सेवाका लागि डी.एल.एस.ए.ध्टी.एल.एस.सी.–मा सम्पर्क गर्न सक्छन् )

अध्याय

9

# सूचनाको अधिकार अधिनियम 2005

## पृष्ठभूमि

सूचनाको अधिकार अधिनियम (आर.टी.आई.) एक यस्तो अधिनियम हो जसले नागरिकहरूका लागि सूचनाको अधिकारको व्यावहारिक र सरकारी जानकारीहरूका लागि नागरिकहरूद्वारा गरिने निवेदनको समयमा जवाफ दिने व्यवस्था गर्ने प्रावधान राख्दछ। यो भारतको संविधानको अनुच्छेद 19 (1) अनुसार प्रत्याभूत छ जसमा हरेक नागरिकलाई बोल्ने एवं अभिव्यक्तिको स्वतन्त्रताको मौलिक अधिकार प्रदान गरिएको छ। यसले हरेक नागरिकलाई शुरु गरिएका एवं लागु गरिएका सबै परियोजना र गतिविधिहरू समेत मन्त्री परिषदका निर्णयहरूबारे सूचनाको अधिकार प्रदान गर्दछ।

रेकर्डहरू, सम्झौता पत्रहरू, ईमेल, विचार, परामर्श, प्रेस विज्ञप्ति, परिपत्र, आदेश, दर्ता बही, अनुबन्ध, प्रतिवेदन, दस्तावेज, नमूना, तथ्याङ्क, सामग्री आदि समेत कुनै पनि स्वरुपमा सूचना माग्न सकिन्छ।

आर.टी.आई. अधिनियम जम्मू एवं कश्मीर राज्यलाई छोडेर सारा भारतमा लागू छ, र यो समग्र केन्द्रीय/राज्य सरकारहरूध्सरकारी वित्त प्राप्त संगठनध्संस्थान, स्कूल, अस्पताल र गैर–सरकारी संगठनहरूमाथि लागू हुन्छ।

### आर.टी.आई.–को उद्देश्य

- हरेक सार्वजनिक प्राधिकारीको कार्यमा पारदर्शिता र उत्तरदायित्वलाई प्रोत्साहन दिनु।
- नागरिकहरूलाई सूचनाहरूसम्म पहुँचका लागि एक व्यावहारिक व्यवस्था उपलब्ध गराउनु।
- भ्रष्टाचार रोक्नुधनियन्त्रण गर्नु
- नागरिकहरूलाई सशक्त बनाउनु
- नागरिकहरूलाई सरकारका गतिविधिहरू बारे सूचित गर्नु र लोकतन्त्रलाई सही अर्थमा जनताको लागि काम गर्ने बनाउनु।



### सूचना भनेको के हो?

सूचना कुनैपनि रुपमा कुनैपनि सामग्री हो। यसमा रेकर्ड, दस्तावेज, समझौता पत्र, ईमेल, विचार, परामर्श, प्रेस विज्ञप्ति, परिपत्र, आदेश, दर्ता बही, अनुबन्ध, प्रतिवेदन, दस्तावेज, नमूना, कुनै इलेक्ट्रोनिक स्वरुपमा रहेका तथ्याङ्क सामग्री सामेल छन् यसमा प्रचलनमा रहेको कुनैपनि कानून अन्तर्गत लोक प्राधिकारीको पहुँच हुनसक्ने कुनै निजी निकायसित सम्बन्धित सूचना पनि सामेल छन् ।

### हामीले सूचना को–बाट माग्न सक्छौं?

सरकारी प्राधिकारीहरूले आफ्ना केही अधिकारीहरूलाई सहायक जन सूचना अधिकारी/जन सूचना अधिकारीको रुपमा नियुक्त गरेको छ। आर.टी.आई. अधिनियम अन्तर्गत उनीहरूको जिम्मेदारी सूचना माग्ने व्यक्तिलाई सूचना दिनु हो।

[10] http://persmin.gov.in/DOPT/RTICorner/ProactiveDisclosure/FAQ_RTI_2012.pdf

### आर.टी.आई. कसले दर्ता गर्नसक्छ?

देशका 18 वर्षभन्दा अधिक उमेरका हरेक नागरिकले आर.टी.आई. दर्ता गर्नसक्छ।

## क. आर.टी.आई. दर्ता गर्ने प्रक्रिया (अफलाइन)

यसको कुनै निश्चित प्रारुप छैन। सूचना माग्ने व्यक्तिले कागजको सादा पन्नामा आवेदकको नाम र ठेगानासितै लिखित आवेदन गर्नु जरूरी छ। निरक्षर वा दिव्याङ्ग व्यक्तिले आर.टी.आई. दर्ता गर्नका लागि जन सूचना अधिकारी (पी.आई.ओ.) /ए.पी.आई.ओ. (उप–खण्ड स्तरमा)–को सहयोग प्राप्त गर्न सक्छन्। कारणह रू सोध्नमाथि पूर्ण प्रतिबन्ध छ। उनीहरूको तर्फबाट आर.टी.आई. दाखिल गर्नु र सूचना माग्ने व्यक्तिहरूलाई यथोचित रुपमा सहायता प्रदान गर्नु पी.आई.ओ.–को कर्तव्य हो।

### आर.टी.आई. दाखिल गर्ने स्थान

आवेदन कुनैपनि जन प्राधिकारी वा जन प्राधिकारीअन्तर्गत सम्बद्ध जन सूचना अधिकारीकहाँ दर्ता गर्न सकिन्छ।

### शुल्क भुक्तानी

- सूचना माग्ने हरेक नागरिकबाट आवेदन शुल्कको रुपमा रु.10/– भुक्तानीको व्यवस्था रहेको छ।
- शुल्क डिमान्ड ड्राफ्ट, चेक, नगद वा भारतीय पोस्टल अर्डरको रुपमा भुक्तान गर्न सकिन्छ।
- आवेदनका साथ शुल्क सान्दर्भिक विभाग वा विभागका प्रभारी अधिकारीको सहायक लोक सूचना अधिकारी/लोक सूचना अधिकारीको नाममा हुनु पर्दछ।
- सूचना प्रदान गर्नका लागि लागतको रुपमा अतिरिक्त शुल्कको आवश्यकता पर्छ भने पी.आई.ओ.–ले आवेदकलाई सूचित गर्नेछ। प्रारम्भिक शुल्क भुक्तानीपछि अतिरिक्त शुल्कको भुक्तानी हुनेछ।
- गरीबी रेखामुनि जीवन यापन गर्ने कुनैपनि नागरिकले आर.टी.आई. शुल्क तिर्नु पर्दैन। तर, आवेदकले आवेदनका साथ यस सम्बन्धमा उपयुक्त सरकारद्वारा जारी बी.पी.एल. कार्डको प्रति खामेको हुनुपर्नेछ

### निवेदनहरू छिनाफानो गर्ने

- आवेदन अफलाइन वा अनलाइन गर्न सकिन्छ।
- आवेदन प्राप्त भएको 30 दिन भित्रमा आवेदनको छिनाफानो गरिनु पर्छ।
- व्यक्तिको जीवन वा स्वतन्त्रताप्रति चिन्ता सम्बन्धी सूचना मागिएको छ भने आवेदन प्राप्त भएको 48 घण्टा भित्रमा सूचना प्रदान गरिनु पर्दछ।

### अपील

- आर.टी.आई. प्रथम अपीलीय प्राधिकारी (एफ.ए.ए.)–मा बुझाउन सकिन्छ।
- निर्धारित समय सकिएको वा जन सूचना अधिकारीबाट जवाफ प्राप्त भएको 30 दिन भित्र पहिलो अपील गरिनु पर्दछ।
- सूचना दिन अस्वीकार गरिएको वा कुनै वैध कारणबिना भुक्तानीको माग गरिएको वा अधुरो, गलत वा हेरफेर गरिएको सूचना प्रदान गरिएको खण्डमा केन्द्रीय वा राज्य सूचना आयोग (सी.आई.सी. /एस.आई.सी.)–मा शिकायत दर्ज गर्न सकिन्छ।

### आर.टी.आई. अधिनियम अन्तर्गत दोस्रो अपील?


अपीलमाथि आदेश गर्न प्रथम अपीलीय प्राधिकारी निर्धारित अवधिमा असफल हुन्छ भने वा प्रथम अपीलीय प्राधिकारीको आदेशबाट अपीलकर्ता सन्तुष्ट हुँदैन भने उसले प्रथम अपीलीय प्राधिकारीद्वारा जुन तारीखमा निर्णय गरिनुपर्ने हो वा अपीलकर्ताद्वारा वास्तवमा प्राप्त गरिएको 90 दिनभित्रमा राज्य सूचना आयोगध्केन्द्रीय सूचना आयोगमा दोस्रो अपील गर्नसक्छन्

### आर.टी.आई. अधिनियम अन्तर्गत प्राधिकारीहरू निम्न हुन्:

1. जन प्राधिकारीको पी.आई.ओ.
2. प्रथम अपीलीय प्राधिकारी
3. राज्य सूचना आयोगध्केन्द्रीय सूचना आयोग


## ख. आर.टी.आई. दर्ता गर्ने प्रक्रिया (अनलाइन)

सबै मन्त्रालयध्विभागहरू र केन्द्रीय सरकारका केही अन्य जन प्राधिकरणहरूका लागि भारतीय नागरिकद्वारा आर.टी.आई. आवेदन/प्रथम अपील अनलाइन गर्ने सही स्थान तल दिइएका छन्। राज्यहरूका लागि यो भिन्दा–भिन्दै हुन्छ।



- वेब पोर्टल मार्फत् https://www-rtionline-gov-in –मा लग अन गर्नुहोस्
- पञ्जीकरण फारममा क्लिक गर्नुहोस् र आफ्नो विवरण भर्नुहोस्।
- आफ्नो सही ठेगाना, फोन नम्बर र ईमेल आई.डी. दिइएको सुनिश्चित गर्नुहोस् जसबाट तपाईलाई आफ्नो आवेदन सम्बन्धी जानकारी ईमेल र एस.एम.एस.–द्वारा प्राप्त हुनेछन्। आवेदन बुझाइएपछि एउटा विशिष्ट पञ्जीकरण नम्बर जारी गरिनेछ जसको प्रयोग आवेदकद्वारा भविष्यमा कुनै सन्दर्भका लागि गर्न सकिन्छ। यो आर.टी.आई. वेब पोर्टलमा तपाईको अकाउन्ट खोलिएको प्रमाण पनि हुनेछ।

आफ्नो अकाउन्टमा लग–इन गरेपछि सबमिट बटनमा क्लिक गर्नुहोस्। यहाँ तपाईले भर्नु भएका विवरणहरू हेर्न सक्नुहुन्छ। तपाईको आवेदन उपयुक्त मन्त्रालय, सरकारी विभाग वा उच्चतम निकायको नाममा छ भन्ने सुनिश्चित गर्नुहोस्। ड्रप डाउन मेन्यू सूचीबाट सही विभाग रोज्न सधैँ याद राख्नुहोस्।




उपयुक्त विभाग रोजेपछि आफ्नो आवेदन भर्नुहोस्। थप जानकारी दिन वा अटेचमेन्ट–का लागि सपोर्टिङ्ग डक्युमेन्ट मेन्यू बटन क्लिक गर्नुहोस् र आफ्ना फाइलहरू अट्याच गर्नुहोस्।

- सबमिट बटनमा क्लिक गर्नुहोस् अनि तपाईको आर.टी.आई. सफलतापूर्वक अपलोड हुनेछ।
- तर, निर्धारित शुल्क भुक्तान नगरिएको खण्डमा सम्पूर्ण प्रक्रिया रोकिने छ।

### अनलाइन आर.टी.आई.–को लागि शुल्क जम्मा गर्ने प्रक्रिया

- शुल्क जम्मा गरिएपछि आवेदन सफलतापूर्वक जम्मा भएको स्टेटस रिपोर्ट ईमेल अलर्ट वा एस.एम.एस. मार्फत् प्राप्त हुनेछ।

सूचना प्रदान गर्नमा आउने लागतको लागि अतिरिक्त शुल्क आवश्यक भएको खण्डमा सी.पी.आई.ओ.–ले आवेदकलाई यसै पोर्टलमा सूचना दिनेछ। यो सूचना आवेदकले स्टेटस रिपोर्ट वा उसको ईमेल अलर्टबाट प्राप्त गर्नेछ।



आवेदन जम्मा भएपछि एउटा विशिष्ट पञ्जीकरण नम्बर जारी गरिनेछ, जो आवेदकले भविष्यमा कुनै सन्दर्भका लागि प्रयोग गर्नसक्छ।

तपाईको आवेदनको जवाफ 30 देखि 45 दिन भित्रमा प्राप्त हुँदैन भने आवेदकले पहिलेनै खोलिएको अकाउन्टमा लगइन गरेर अपीलीय प्राधिकरणमा अपील दर्ता गर्नसक्छ।

### जवाफ

- "View Status" ट्याब मार्फत् आवेदकले जम्मा गरिएको आफ्नो आवेदनको वर्तमान स्टेटस हेर्न सक्छ।

### अधिक जानकारीका लागि

आर.टी.आई. अधिनियम अन्तर्गत पर्ने सबै विभाग र कार्यालयका अधिकारीहरूसित सम्पर्क गर्न सकिन्छ।
अधिक जानकारीका लागि
www-rti-gov-inèRTICornerèGuide_2013&issue-pdf दृमा लग अन गर्नुहोस्।



## कहाँ जाने?

- तपाईले सम्बन्धित विभागका जन सूचना अधिकारी (पी.आई.ओ.)/ए.पी.आई.ओ.–बाट सहायता प्राप्त गर्न सक्नुहुन्छ
- तपाई नजिकको सी.एस.सी. केन्द्रमा गएर पनि केन्द्रका भी.एल.ई.–लाई आर.टी.आई. दर्ता गर्नका लागि सहयोग माग्न सक्नुहुनेछ।

## कहाँ जाने?

निःशुल्क कानूनी सेवाका लागि आफ्नो तहसिल/उप जिल्ला कानूनी सेवा समिति/जिल्ला कानूनी सेवा प्राधिकरणलाई सम्पर्क गर्नुहोस् यी प्राधिकरणहरू सामान्यतः तालुक न्यायालय/जिल्ला न्यायालय परिसरमा हुन्छन्।


- सहायताका लागि तपाईले आफ्नो नजिकको सी.एस.सी. केन्द्रमा पनि सम्पर्क गर्न सक्नुहुन्छ।

### भारतमा महिला अधिकारका विषय निम्न कानूनअन्तर्गत पर्दछन्रू

1. विशेष कानूनहरू (उदाहरणका निम्ति, दाइजो रोकथाम अधिनियम, 1961, महिलाहरू विरूद्ध अभद्र चित्रण (निरोधक) अधिनियम, 1986, सती रोकथाम अधिनियम आयोग, 1987, घरेलू हिंसाबाट महिलाहरूको संरक्षण अधिनियम (पी.डब्ल्यू.डी.भी.), 2005 आदि)
2. सामान्य कानून (भारतीय दण्ड संहिता, 1860, आपराधिक प्रक्रिया संहिता (सी.आर.पी.सी.), 1973

## पृष्ठभूमि

हाम्रो देशमा पुरुष र महिलाहरूके अधिकारबीच ठूलो भिन्नता छ। भारतमा महिलाहरूले धेरै सामाजिक असमानता भोग्नुपर्दछ र आधा जनसंख्या महिलाहरूकै भएता पनि उनीहरू विरुद्ध शोषणको अधिक सम्भावना हुन्छ। उनीहरूको सुरक्षाका लागि कैयौं कानूनी अधिकारहरू छन् फेरि पनि उनीहरूमध्ये धेरैजसो आफ्ना कानूनी र संवैधानिक अधिकारहरू प्रति अनभिज्ञ छन्। यो अध्यायमा हामीले संक्षेपमा विविध कानूनी अधिकारहरू र तिनको हनन भएको खण्डमा दिइने सजायहरू बारे चर्चा गर्नेछौं।




e-Governance Services India Limited

**For more information, please contact:**

CSC e-Governance Services India Limited
Electronics Niketan, 3rd Floor,
6, CGO Complex, Lodhi Road, New Delhi – 110003
Tel: +91-11-24301349 | Web: www.csc.gov.in